# वित्तीय जानकारी इकाई सम्बन्धी विनियमावली, २०७७

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ९ को उपदफा (६) को प्रयोजनको लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरुको नाम "वित्तीय जानकारी इकाई सम्बन्धी विनियमावली, २०७७" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,:-

(क) "इकाई" भन्नाले वित्तीय जानकारी इकाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ ।

(ग) "गभर्नर" भन्नाले नेपाल राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ सम्झनु पर्छ ।

(ङ)) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(च) "राष्ट्रिय समन्वय समिति" भन्नाले ऐनको दफा ८ बमोजिम गठित राष्ट्रिय समन्वय समिति सम्झनु पर्छ ।

## परिच्छेद -२

## वित्तीय जानकारी इकाईको स्थापना तथा कार्यसञ्चालन

३. **वित्तीय जानकारी इकाईको स्थापना :** ऐनको दफा ९ बमोजिम बैकमा एक वित्तीय जानकारी इकाईको स्थापना गरिएको छ ।

४. **इकाईको कार्यसञ्चालनः** (१) इकाईले प्रचलित कानून बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा कार्यात्मक रुपले स्वायत्त तथा स्वतन्त्र रुपमा गर्नेछ ।

(२) इकाईले सरकारी निकाय, नियमनकारी निकाय, कानून कार्यान्वयन गर्ने निकाय, सम्बद्ध अन्य निकायसँग ऐन र प्रचलित कानून अधीनमा रही आपसी समझदारी गर्न सक्नेछ ।

(३) इकाईले विदेशी समान प्रकृतिको कार्य गर्ने निकायसँग ऐन र प्रचलित कानूनको अधीनमा रही पारस्परिकताका आधारमा आपसी समझदारी गर्न सक्नेछ ।

(४) उपविनियम (३) बमोजिम इकाईले अन्तर्राष्ट्रिय निकायसँग आपसी समझदारी गर्दा समझदारी पत्रमा हस्ताक्षर गर्नुपूर्व नेपाल सरकार, परराष्ट्र मन्त्रालयसँग समन्वय गर्नु

पर्नेछ ।

(५) इकाईले सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी तथा सम्बद्ध कसूर सम्बन्धी अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरुको अवलम्बन गर्न सक्नेछ ।

## परिच्छेद -३

## संगठन संरचना र दरबन्दी

**५.** **इकाईको संरचना :** (१) इकाईको संगठन संरचना तथा दरबन्दी इकाईको सिफारिसमा बैंकले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिम इकाईले संगठन संरचना तथा दरबन्दी सिफारिस गर्दा संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा कर्मचारीको विद्यमान अवस्था, आवश्यक जनशक्ति, न्यूनतम योग्यता, अनुभव, कार्यक्षेत्र अनुसारको विज्ञता लगायतका विषय खुलाई गर्नुपर्नेछ ।

## परिच्छेद -४

## जनशक्ति व्यवस्थापन

**६.** **इकाई प्रमुखको नियुक्ति र पदावधि :** (१) गभर्नरले ऐनको दफा ९ को उपदफा (२) बमोजिम इकाई प्रमुख नियुक्त गर्नेछ ।

(२) इकाई प्रमुखको पदावधि कम्तिमा दुई वर्षको हुनेछ ।

(३) उपविनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि इकाई प्रमुख उपर विभागीय कारवाही सुरु भएमा वा निजले कुनै कारणवश इकाई प्रमुखको कामलाई निरन्तरता दिन नसक्ने भएमा वा अन्य कुनै मनासिव कारण भएमा इकाई प्रमुखलाई पदावधि समाप्त हुनु अगावै सरुवा गर्न सकिनेछ ।

**७.** **कर्मचारी सम्बन्धी ब्यवस्थाः** (१) ऐनको दफा ९ को उपदफा (३) बमोजिम इकाईको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था बैंकले गर्नेछ ।

(२) इकाईमा अधिकृतस्तरको कर्मचारी पदस्थापन वा सरुवा गर्दा बैकिङ्ग, कानून, अर्थशास्त्र, वित्तीय, वाणिज्यशास्त्र, सूचना प्रविधि सम्बन्धी वा इकाईलाई आवश्यक पर्ने योग्यता र कार्य अनुभव हासिल गरेका कर्मचारीमध्येबाट इकाई प्रमुखको परामर्शमा गर्नु पर्नेछ ।

(३) इकाईमा पदस्थापना वा सरुवा भएका कर्मचारीलाई सामान्यतया पाँच वर्षसम्म अन्यत्र सरुवा गरिने छैन ।

तर, इकाई प्रमुखको परामर्श लिई सो अवधि भन्दा अगावै इकाईका कर्मचारीको सरुवा गर्न सकिनेछ ।

(४) इकाईमा पदस्थापना र सरुवा भई आएका कर्मचारीलाई निजले सम्पादन गर्नुपर्ने कार्यविवरण इकाईले उपलब्ध गराउनेछ । कर्मचारीले कार्यविवरणमा उल्लेख भए अनुसार कार्य गर्नुपर्नेछ ।

८. **तालीम तथा क्षमता अभिवृद्धिः** (१) इकाईले आफ्ना कर्मचारीलाई तालीम, प्रशिक्षण तथा क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्नेछ । त्यस्तो कार्यक्रममा आवश्यकता र औचित्यको आधारमा सवै कर्मचारीहरुलाई अवसर प्रदान गरिनेछ ।

(२) विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था, सरकारी निकायबाट स्वदेशमा हुने तालीम, सभा, गोष्ठीका लागि इकाईमा प्राप्त भएको अनुरोधमा इकाई प्रमुखले उपयुक्त कर्मचारी सिफारिस गरी पठाउने छ ।

(३) इकाईसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुन कर्मचारीको मनोनयनका लागि इकाई प्रमुखले बैंक समक्ष सिफारिस गर्नेछ र सो सिफारिसका आधारमा त्यस्ता कार्यक्रममा बैंकले इकाईका कर्मचारी मनोनयन गर्नेछ ।

(४) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने कार्यको सम्बन्धमा आयोजना हुने कार्यक्रममा सहभागी हुन कर्मचारी मनोनयन गर्दा बैंकले इकाईलाई प्राथमिकता दिनु पर्नेछ ।

९. **विषय विज्ञ वा अन्य कर्मचारीको सेवा लिन सक्ने :** (१) इकाईले कार्यसम्पादनको लागि आवश्यकता अनुसार सम्बद्ध क्षेत्रको कर्मचारी वा विषय विज्ञको सेवा लिन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम सेवा लिनका लागि इकाईले नेपाल सरकार वा कुनै सार्वजनिक संस्थामा अनुरोध गर्नुपर्नेछ ।

(३) उपविनियम (१) बमोजिमको विषय विज्ञको सेवा नेपाल सरकार वा कुनै सार्वजनिक संस्थामा उपलब्ध नभएमा प्रचलित कानून बमोजिम इकाईले स्वतन्त्र विषय विज्ञको सेवा लिन सक्नेछ ।

(४) यस विनियम बमोजिम सेवा दिने कर्मचारी वा विषय विज्ञले इकाईले तोके बमोजिमको सेवा शर्तको अधीनमा रही कार्य गर्नुपर्नेछ ।

## परिच्छेद - ५

## बजेट तथा स्रोत साधन सम्बन्धी व्यवस्था

१०. **बजेट व्यवस्था** : (१) इकाईले प्रत्येक आर्थिक वर्षको लागि बजेट तथा बार्षिक कार्यक्रम तयार गरी बैंक समक्ष पेश गर्नेछ ।

(२) स्वीकृत कार्यक्रम अनुसारको बजेट खर्च गर्ने अख्तियारी सहित बैंकले बजेट उपलब्ध गराउनेछ ।

(३) आकस्मिक रुपमा सञ्चालन गर्नुपर्ने तालीम, गोष्ठी, सेमिनार लगायतका कार्यका लागि बैंकले बजेट उपलब्ध गराउनेछ ।

११. **अन्य स्रोत साधनको व्यवस्था** : (१) इकाई सञ्चालनका लागि आवश्यक भवन, फर्निचर, सवारी साधन लगायतका अन्य स्रोत साधन बैंकले उपलब्ध गराउनेछ ।

## परिच्छेद - ६

## इकाईको लेखा तथा लेखापरीक्षण

१२. **लेखा तथा लेखापरीक्षण :** (१) इकाईले आफ्नो खर्चको अभिलेख बैंकको लेखाप्रणाली र निर्देशिका बमोजिम राख्नुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम राखिएको लेखा कारोवार र सोको अभिलेखको लेखापरीक्षण बैंकको लेखापरीक्षकबाट गराउनुपर्नेछ ।

## परिच्छेद -७

## विविध

१३. **जवाफदेहिता :** (१) इकाई प्रमुख आफ्नो काम कारबाहीका लागि गभर्नर प्रति जवाफदेही हुनेछ ।

(२) इकाईका कर्मचारी आफ्नो काम कारबाहीका लागि इकाई प्रमुख प्रति जवाफदेही हुनेछन् ।

(३) राष्ट्रिय समन्वय समितिको सचिवालयको काम गर्न इकाईले आवश्यक व्यवस्थापन गर्नेछ ।

१४. **प्रतिवेदन पेश गर्नुपर्ने :** इकाईले आफ्नो काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन बैंक मार्फत आर्थिक वर्ष समाप्त भएको मितिले चार महिना भित्र नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ ।

१५. **गोपनीयता कायम गर्नु पर्ने** : (१) इकाइमा कार्यरत कर्मचारी र विषय विज्ञले कार्यसम्पादन गर्दा इकाईको कामको संवेदनशीलतालाई ध्यानमा राखी गर्नु पर्नेछ ।

(२) इकाईमा कार्यरत कर्मचारी र विषय विज्ञले दैनिक काम कारबाही संचालनका समयमा प्राप्त सूचनालाई गोप्य राखी आवश्यक विश्लेषण गर्नुपर्नेछ ।

(३) इकाईमा कार्यरत कर्मचारी र विषय विज्ञले आफ्नो कार्य इकाईले बनाएको कार्यविधिको अधीनमा रही निर्धारित समयावधि भित्र सम्पन्न गर्नु पर्नेछ ।

१६. **आचारसंहिता :** इकाईले प्रचलित कानूनको अधीनमा रही इकाईमा कार्यरत कर्मचारी र विषय विज्ञले पालना गर्नु पर्ने आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

१७. **स्वार्थ वाझिएमा :** नियमावलीको नियम ४५ बमोजिम विश्लेषणको कार्यमा कर्मचारी वा विषयविज्ञको स्वार्थ बाझिने अवस्था रहेमा त्यस्तो कर्मचारी वा विषयविज्ञलाई विश्लेषण गर्ने कार्यको जिम्मेवारी प्रदान गरिने छैन ।

१८. **बाधा अड्काउ फुकाउ :** यस विनियमावलीको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउने अधिकार गभर्नरलाई हुनेछ ।

नेपाल राष्ट्र बैंक संचालक समितिको मिति २०७७/०१/१२ गतेको बैठकबाट स्वीकृत ।